सुदूरपश्चिम प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

धनगढी, कैलाली, नेपाल

प.सं.

च.नं.

प्रेस विज्ञप्ति

विषय: वन अतिक्रमण नियन्त्रण सम्बन्धमा ।

उपर्युक्त विषयमा फेसबुकमा खगेन्द्र सुनारका नामबाट *"वन मन्त्री ऐन बहादुर शाहीले सरस्वती मन्दिर बनाउनु पर्ने र दलित बस्ती नजिक हुँदा अशुभ हुने भन्दै कैलाली गौरीगंगा-१० शान्ति टोलको करिब ८० घर दलित बस्ती तत्काल हटाउन निर्देशन दिएका छन् । तत्काल नहटे दलित बस्तीमा डोजर चलाउन डिभिजन वन कार्यालय, कैलालीलाई निर्देशन दिएका हुन"* भनी प्रकाशित विषयप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । यो सरासर गलत र झुटा आरोप हो । गौरीगंगा-१० स्थित सरस्वती सामुदायिक वन क्षेत्रभित्र केही मानिसहरूले करिब ७ हेक्टर वन क्षेत्रमा खनजोत गरी खेती लगाई वन अतिक्रमण गरेको हुँदा डिभिजन वन कार्यालय, कैलालीले सामुदायिक वन उपभोक्ता समूह, वडा अध्यक्ष सहितसँग छलफल गरी वन नियमावली, २०७९ को नियम ११८(४) बमोजिम जिल्ला सुरक्षा समितिको निर्णय गरी सुरक्षा व्यवस्था मिलाई उक्त अतिक्रमण खाली गरी करिब ४ हेक्टर क्षेत्रमा तारबार सहित ५००० बिरुवा वृक्षारोपण गरिएको यथार्थ हो । उक्त कार्य मिति २०८२/४/५ र ६ गते सम्पन्न भएको हो। यसमा कसैको घर भत्काइएको होइन र कसैलाई पक्राउ गरी मुद्दा लगाइएको पनि छैन । यस कार्यमा वन तथा वातावरण मन्त्रालय, सिंहदरबारका माननीय मन्त्रीज्यूको कुनै आदेश, निर्देश, हस्तक्षेप नरहेको व्यहोरा अनुरोध छ। फेसबुकको समाचार कुनै तवरले पनि सत्य नभएको समेत अनुरोध छ ।

2082/4/20

मिति: २०८२/४/२०

दीर्घनारायण कोइराला

प्रदेश सचिव

दीर्घनारायण कोइराला

प्रदेश सचिव